लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# रोल्पा अस्पताल

रेउघा, रोल्पा

# सेवा करार पदपूर्ति सम्वन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८१।०७।२५ गते

यस रोल्पा अस्पताल, रोल्पाको लागि स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेशबाट स्वीकृत तथा प्रस्तावित दरबन्दी करार तथा कार्यक्रमअन्तर्गतका तपसिल बमोजिमका पदहरुमा करार कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन सहित), २०८० बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले २०८२ असार मसान्तसम्मको लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०८१/०८२-०१ | कन्सल्टेन्ट जनरल फिजिसियन | नवौं | मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नाकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |
| २. | ०८१/०८२-०२ | कन्सल्टेन्ट अबस्टेट्रिसियन एण्ड गाइनोकोलोजिष्ट | नवौं | | १ | |
| ३. | ०८१/०८२-०३ | कन्सल्टेन्ट सर्जन | नवौं | | १ | |
| ४. | ०८१/०८२-०४ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | नवौं | | १ | |
| ५. | ०८१/०८२-०५ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | नवौं | | १ | |
| ६. | ०८१/०८२-०६ | कन्सल्टेन्ट रेडियोलोजिष्ट | नवौं | | १ | |
| ७. | ०८१/०८२-०७ | कन्सल्टेन्ट साइक्याट्रिष्ट | नवौं | | १ | |
| ८. | ०८१/०८२-०८ | मेडिकल अधिकृत | आठौं | मान्यताप्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरहको उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | ४ | दरबन्दी करार |
| ९. | ०८१/०८२-०९ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | सातौं | मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |
| १०. | ०८१/०८२-१० | फार्मेसी अधिकृत | सातौं | | १ | दरबन्दी करार |
| ११. | ०८१/०८२-११ | फिजियोथेरापिष्ट | सातौं | मान्यताप्राप्त शैक्षिक संस्थाहरुबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |
| १२. | ०८१/०८२-१२ | अप्टोमेट्रिष्ट | पाँचौं | मान्यताप्राप्त शैक्षिक संस्थाहरुबाट अप्टोमेट्रिष्ट कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |
| १३. | ०८१/०८२-१३ | अप्टिसियन सहायक | पाँचौं | मान्यताप्राप्त शैक्षिक संस्थाहरुबाट अप्टिसियन सहायक कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |
| १४. | ०८१/०८२-१४ | ल्याब टेक्निसियन | पाँचौं | मान्यताप्राप्त शैक्षिक संस्थाहरुबाट ल्याब टेक्निसियन कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |
| १५. | ०८१/०८२-१५ | एनेस्थेसिया सहायक | पाँचौं | मान्यताप्राप्त शिक्षण संस्थाबाट एनेस्थेसिया विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरेको वा स्टाफ नर्स/हे.अ. उत्तीर्ण गरी १ वर्ष एनेस्थेसिया सम्वन्धी तालिम लिई काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |
| १६. | ०८१/०८२-१६ | बायोमेडिकल टेक्निसियन | पाँचौं | मान्यताप्राप्त शैक्षिक संस्थाहरुबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |
| १७. | ०८१/०८२-१७ | डेन्टल हाइजनिष्ट | पाँचौं | मान्यताप्राप्त शिक्षण संस्थाबाट डेन्टल हाइजनिष्ट कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |
| १८. | ०८१/०८२-१८ | हेल्थ असिष्टेन्ट | पाँचौं | मान्यताप्राप्त शिक्षण संस्थाबाट हे.अ. कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | २ | दरबन्दी करार-१, समिति करार-१ |
| १९. | ०८१/०८२-१९ | स्टाफ नर्स | पाँचौं | मान्यताप्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | SNCU कार्यक्रम अन्तर्गत |
| २०. | ०८१/०८२-२० | रेडियोग्राफर | पाँचौं | मान्यताप्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफर कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | प्रयोगशाला रेडियो इमेजिङ कार्यक्रम अन्तर्गत |
| २१. | ०८१/०८२-२१ | ल्याब असिष्टेन्ट | चौथो | मान्यताप्राप्त शिक्षण संस्थाबाट ल्याब असिष्टेन्ट कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |
| २२. | ०८१/०८२-२२ | डार्करुम असिष्टेन्ट | चौथो | मान्यताप्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफर/डार्करुम कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |
| २३. | ०८१/०८२-२३ | अ.न.मी. | चौथो | मान्यताप्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स/अ.न.मी. कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |
| २४. | ०८१/०८२-२४ | अ.हे.व. | चौथो | मान्यताप्राप्त शिक्षण संस्थाबाट हे.अ./अ.हे.व. कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | १ | दरबन्दी करार |

CS CamScanner
E-HEALTH NETWORK
SHISIRADHIKARI.COM.NP

**निम्न :**

१. दरखास्त बुझाउने विधि र स्थान : यस अस्पतालको प्रशासन शाखामा दरखास्त पेश गर्नुपर्नेछ । **स्थान: रोल्पा अस्पताल, रेउघा, रोल्पा ।**

२. दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, प्रचलित नेपाल कानुन बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपिहरुको पछाडि पृष्ठमा उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा फारामको ढाँचामा सम्पूर्ण विवरणहरु भरी हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटोसहित पेश गर्नु पर्नेछ ।

३. दरखास्त दस्तुर : नवौं तहको लागि रु. १२००।- (एक हजार दुई सय), सातौं र आठौं तहको लागि रु. १०००।- (एक हजार) पाँचौं तहको लागि रु. ७००।- (सात सय) र चौथो तहको लागि रु. ५००।- (रु पाँच सय)

४. दरखास्त दिने अन्तिम मिति : २०८१।०८।०९ गते कार्यालय समयभित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट ।

५. छनौटको आधार र स्थान : करार कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०८० बमोजिम संक्षिप्त सूची र अन्तर्वार्ता (संक्षिप्त सूचीमा परेकालाई अन्तर्वार्ताको लागि छनौट गरिनेछ । स्थान : अधिकृतस्तर पदको लागि स्वास्थ्य मन्त्रालय र सहायक स्तरको लागि रोल्पा अस्पताल रेउघा, रोल्पा ।

६. सम्पर्क मिति र स्थान : दरखास्त पेश गर्ने अन्तिम मितिको भोलिपल्ट । स्थान: रोल्पा अस्पताल, रेउघा, रोल्पा ।

७. उम्मेदवारको उमेरको हद : अधिकृत स्तरको लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र सहायकस्तरको लागि १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

८. पदमा रही गर्नुपर्ने कामको विवरण : सेवा, समूह सम्बन्धी ।

९. तलब : दरबन्दीको हकमा नेपाल सरकारको प्रचलित स्केल बमोजिम, कार्यक्रमको हकमा कार्यक्रमले तोके बमोजिम र समितिको हकमा समितिको निर्णय बमोजिम ।

१०. अन्तर्वार्ताको सूचना : संक्षिप्त सूचीमा परेका सहभागीहरुको नामावली प्रकाशन तथा अन्तर्वार्ताको सूचना अस्पतालको सूचना पाटी र अस्पतालको Facebook Page: रोल्पा अस्पताल रेउघामा प्रकाशित गरिनेछ ।

११. अन्तर्वार्ताको मिति, समय र स्थान : अधिकृतस्तरको अन्तर्वार्ताको लागि मिति, समय र स्थान स्वास्थ्य मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) दाङले तोक्नेछ र सहायक स्तरको लागि रोल्पा अस्पतालले तोक्नेछ ।

१२. सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा अस्पतालको प्रशासन शाखा (सम्पर्क नं. ९८५७८५०२५२, सूचना अधिकारी ९८४४९४८५५३) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**नोट** : यो सूचना अवधि/सम्झौता अवधि भरमा कुनै पनि पदमा स्थायी पदपूर्ति हुन आएमा विज्ञापन/सम्झौता स्वत: रद्द गरिनेछ साथै छनौट भएका उम्मेदवार मध्ये कारणवश चालु आ.व. २०८१/८२ भित्र कुनै पद रिक्त रहन गएमा प्राथमिकताको आधारमा वैकल्पिक उम्मेदवारहरुबाट छनोट गरिने छ ।

**अस्पताल प्रमुख**

E-HEALTH NETWORK
SHISIRADHIKARI.COM.NP
CamScanner